कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

# ङादी ग्रुप पावर लिमिटेड

# Ngadi Group Power Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा २९, अनामनगर, काठमाण्डौं, नेपाल ।
फोन नं.: ०१-५७०५१५९
E-mail: nyadigroup06@gmail.com, Website: www.siurihydro.com

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)
को

## "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु"

हाल कायम रहेको चुक्ता पूँजी रु. ७०,६९,३२,४००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका ७०,६९,३२४ कित्ता साधारण शेयरको १ शेयर बराबर १.५ शेयर (१ : १.५) (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ १.५ कित्ता साधारण शेयर) को अनुपातमा रु. १,०६,०३,९८,६००/- बराबरको प्रति शेयर रु. १००/- अंकित दरका १,०६,०३,९८६ कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्तसाथ प्रति साधारण शेयर रु १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

### निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण:

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :

यस ङादी ग्रुप पावर लिमिटेडलाई कियर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP BB+(Is) [Double Plus Issuer Rating] " रेटिङ्ग प्रदान गरेको छ । CARE-NP CARE-NP BB+(Is) [Double Plus Issuer Rating] ले वित्तीय दायित्वको नियमित भुक्तानीको मध्यम जोखिम रहने जनाउँदछ । (Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal). केयर रेटिङ्गस नेपाल लिमिटेडले AAA देखि D प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा AAA रेटिङ्ग ले बलिया आधार जनाउँछ भने D रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग AA, A, BBB, BB, B र C मा प्रयोग गरिने + (Plus)/ - (Minus) चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।
रेटिङ्ग प्रदान गरेको मिति : माघ ६, २०७८ (जनवरी २० २०२२),
रेटिङ्ग बहाल रहने अवधि : जेठ २६, २०८० (जुन ९ २०२३),

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०७९/०३/०९
निष्काशन खुल्ला हुने मिति : २०७९/०४/१८
निष्काशन बन्द हुने मिति : २०७९/०५/०७ (बैकिङ्ग समय पश्चात)

### धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक:

Siddhartha Capital Limited
Investing happiness

**सिद्धार्थ क्यापिटल लिमिटेड**

पो. ब. नं. २१२००, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ०१-४४२०९२४ फ्याक्स नं. ०१-४४२०९२९
ईमेलः scl@siddharthacapital.com
वेव साईटः www.siddharthacapital.com

# “हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु”

**क)** **संगठित संस्थाको नाम :** ङादी ग्रुप पावर लिमिटेड (Ngadi Group Power Limited)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.२९ (साविक वडा नं. ३२), अनामनगर, काठमाडौंमा रहेको छ । आवश्यकता अनुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ ।

**ग)** **कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का. म. न. पा., वडा नं. २९ (साविक वडा नं. ३२), अनामनगर, काठमाडौं र आयोजना स्थल साविक भुलभुले गा.वि.स. (हाल मर्स्याङ्दी गाउँपालीका) लमजुङ्ग जिल्लामा अवस्थित छ । सम्बन्धित निकायबाट स्वीकृतिलिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(क) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी संभाव्यता अध्ययन, निर्माण र संचालन गर्ने अभिप्रायले नेपाली निजीक्षेत्रका उद्यमीहरु मिलेर यस ङादी ग्रुप पावर लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२ साल फागुन ९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रूपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी थियो । यस कम्पनीमा आयोजना प्रभावित क्षेत्र (उद्योग प्रभावित क्षेत्र)का बासिन्दा तथा सर्वसाधारणहरुको जनसहभागिता बिस्तार गर्ने हेतुले २०७१ साल जेष्ठ २५ गते देखि कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कारोबार संचालन गरी रहेको छ ।

(ख) यस कम्पनीको प्रारम्भिक शेयर निस्काशनका बखत ९२ जना संस्थापक शेयरधनीहरु रहनु भएको थियो । मिति २०७६ भाद्र १५ गतेदेखि कम्पनीको संस्थापक शेयरको लकईन पिरियड समाप्त भएकाले हाल संस्थापक समुहका शेयरहरु साधारण शेयर सरह कारोबार भै रहेको छ ।
प्राथमिक निष्काशन मिति : २०७२/१२/२१ प्राथमिक निष्काशन बाँडफाँड मिति : २०७३/०२/१२

(ग) यस कम्पनीको प्रवन्धपत्रमा व्यबस्था भए अनुसार संस्थापक शेयरधनीहरुलाई “क” बर्गमा र सर्वसाधारण शेयरधनीहरु (आयोजना प्रभावित जिल्लाबासी स्थानीय सर्वसाधारण, कर्मचारी र सर्वसाधारणहरु) लाई “ख” वर्गमा विभाजन गरिएको छ । जसमध्ये जारी पूँजीको ७०% शेयर “क” बर्गका संस्थापक शेयरधनी तथा ३०% “ख” वर्गका सर्वसाधारणहरु लाई छुट्टयाएको मध्ये १०% प्रतिशत उद्योग प्रभावित क्षेत्र लमजुङ्ग जिल्लाका बासिन्दाहरुलाई र बाँकी रहेको २०% शेयर सर्वसाधारणहरु (कर्मचारीहरु समेत) मा निष्काशन तथा बिक्री गरी बाँडफाँड गरिएको छ ।

(घ) यस कम्पनीले लमजुङ्ग जिल्लाको भुलभुले (हाल मर्स्याङ्दी गाउँपालीका) तथा बाहुन डाँडा गा.वि.स. स्थित सिउरी खोला आयोजनाबाट ५ मेगावाट जलविद्युत उत्पादन गर्ने उद्देश्य अनुरुप सिउरी खोला जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा संचालन गर्न विद्युत उत्पादनको अनुमति नेपाल सरकार उर्जा मन्त्रालयबाट मिति २०६६/५/३० गतेका दिन प्राप्त गरेको हो र उक्त अनुमती पत्र मिति २१०१/५/२९ गते सम्म बहाल रहनेछ ।

(ङ) कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको लमजुङ्ग जिल्लाको भुलभुले गा.वि.स. (हाल मर्स्याङ्दी गाउँपालीका) मा ५ मेघावाट क्षमताको सिउरी खोला जलविद्युत आयोजनाको सम्पुर्ण निर्माण कार्य सम्पन्न भई आयोजन संचालन भैरहेको छ ।

(च) कम्पनीले निर्माण गरेको सिउरी खोला जलबिद्युत आयोजनाबाट उत्पादन गरिएको विद्युतशक्ति एकमुष्ठ नेपाल विद्युत प्राधिकरणले खरीद गर्न मञ्जुर गरी कम्पनी र प्राधिकरणबीच २०६४ साल श्रावण १७ गते विद्युत खरीद बिक्री सम्झौता समेत सम्पन्न भैसकेको छ । उक्त सम्झौताको पहिलो संशोधन मिति २०६५ साल माघ ६ गते भएको छ भने सुविधा सम्बन्धि सम्झौता समेत २०७१ साल असोज २६ गते भएको छ साथै दोश्रो सम्सोधन मिति २०७३।११।१९ गते भएको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मिति देखि ३० बर्ष कायम रहनेछ ।

(छ) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

(अ) सिउरी खोला जलविद्युत आयोजनाबाट वार्षिक ३,२१,००,४०९ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । यसमा वर्षायामका आठ महिनाको लागि २,५४,२१,६८६ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागी ६६,७८,७२३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

(आ) विद्युतको खरीद मूल्य ९९० किलोवाटको लागि वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.३/९० (तीन रुपैंया नब्बे पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.५/५२ (पाँच रुपैंया बाउन्न पैसा मात्र) तोकिएको छ । यो दरमा बृद्धि हुने छैन भने ३९६० किलोवाटको मूल्य वर्षायामका आठ महिनाका लागि प्रति किलोवाट घण्टा रु.४/८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खायाम (पौष, माघ, फाल्गुण र चैत्र) का लागि प्रति किलोवाट घण्टा रु.८/४० (आठ रुपैंया चालिस पैसा मात्र) तोकिएको छ । यो खरीद दर मिति २०७६ कार्तिक महिनासम्म लागू रहने छ । त्यस उपरान्त ३९६० किलोवाटको दर प्रत्येक वर्ष ३ प्रतिशतका दरले बृद्धि भइ आ. व. २०७८।०७९ मा रु. ८।८९ र ५।०८ कायम भइ निरन्तर यहि खरिद दर कायम रहने छ ।

(इ) नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा **(Excess Energy)** को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% दरमा कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

(ई) कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरू तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका वीमाहरू गरेको छ ।

(ज) यस कम्पनीले प्रबर्द्धन एवं लगानी गरेको कम्पनी तथा सहायक कम्पनीहरुको विवरण:

| क्र.सं. | संस्थाको नाम | संस्थाको ठेगाना | शेयर स्वामित्व ( कित्ता) | संचालक समितिमा प्रतिनिधित्व |
|---|---|---|---|---|
| १ | बरुण हाइड्रोपावर कम्पनी लि. | का.म.न.पा २९, काठमाडौं । | २,१३८ | नभएको । |
| २ | रिभर फल्स् पावर लि. | का.म.न.पा २८, काठमाडौं । | ३,००० | नभएको । |
| ३ | सिउरी न्यादी पावर लि. | का.म.न.पा २९, काठमाडौं । | १३,४५,८६० | कम्पनीको तर्फबाट २ जना संचालक प्रतिनिधि भएको । |
| ४ | समृद्धि इनर्जी प्रा. लि. | का.म.न.पा २९, काठमाडौं । | २,००,००० | नभएको । |
| ५ | सगरमाथा जलविद्युत कम्पनी लि. | का.म.न.पा २९, काठमाडौं । | ३४,५७,१६७ | कम्पनीको तर्फबाट ७ जना संचालक प्रतिनिधि भएको । |
| ६ | माइखोला हाइड्रोपावर लि. | का.म.न.पा २९, काठमाडौं । | १४,००,००० | कम्पनीको तर्फबाट ३ जना संचालक प्रतिनिधि भएको । |

२) **कम्पनीको उद्देश्य :**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ तथा नियमावलीको नियम ३ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।**

(क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

(ख) नेपाल विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

(ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

(घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

(ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

(च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

**ङ) शेयर पूँजीको संरचना :**

**<u>अधिकृत पूँजी:</u>** कम्पनीको अधिकृत पूँजी रु. २,५०,००,००,०००/– (अक्षरेपी दुई अर्ब पचास करोड) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले २,५०,००,००० थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**जारी पुँजीः** कम्पनीको जारी पूँजी रु. २,१२,०७,९७,१००/– (अक्षरेपी दुई अर्ब बाह्र करोड सात लाख सन्तानब्बे हजार एक सय) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २,१२,०७,९७१ थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**चुक्ता पुँजीः** कम्पनीको चुक्ता पूँजी रु. ७०,६९,३२,४००/- (अक्षरेपी सत्तरी करोड उनान्सत्तरी लाख बत्तीस हजार चार सय मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले ७०,६९,३२४ थान साधारण शेयरमा बिभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. १,७६,७३,३१,०००/- ( अक्षरेपी एक अर्ब छयहत्तर करोड त्रिहत्तर लाख एकतीस हजार) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| पूँजी सम्बन्धी विवरण | २०७१/७२ | २०७२/७३ | २०७४/७५ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| अधिकृत पूँजी | ६६७,००,००,००० | ६६७,००,००,००० | १,००,००,००,००० | १,००,००,००,००० | २,५०,००,००,००० |
| जारी पूँजी | ४८,६८,६८,००० | ४८,६८,६८,००० | ६९,६२,२१,५०० | ६९,६२,२१,५०० | २,१२,०७,९७,१०० |
| चुक्ता पूँजी | ३४,०८,०७,५०० | ४८,६८,६८,००० | ५३,५५,५४,८०० | ५८,३१,१०,३०० | ७०,६९,३२,४०० |

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. ७०,६९,३२,४००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. १,७६,७३,३१,०००/- कायम हुनेछ । कम्पनीको मिति २०७६ भाद्र १५ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ ।

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

मिति २०७६ भाद्र १५ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा कारोवार भईरहेको हुनाले हाल कुनै पनि शेयरधनीहरु समुहगत रुपमा नछुटिएको ।

**ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**

कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या ७०,६९,३२४ कित्ताको १ शेयर बराबर नयाँ १.५ शेयर (१ : १.५) को अनुपातमा (अर्थात विद्यमान १ कित्ता साधारण शेयर बराबर १.५ कित्ता साधारण शेयरका दरले) प्रति शेयर रु.१००/- का दरले जम्मा १,०६,०३,९८६ कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मिति :**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा सातौं साधारण सभाले गरेको निर्णय** : कम्पनीको आठौं वार्षिक साधारण सभाबाट आ.व. २०७७/७८ को मुनाफाबाट प्रस्तावित बोनश शयर साधारण सभाबाट पारित भै वितरण गरे पश्चात् कायम हुने आउने चुक्ता पूँजी को २०० प्रतिशतले हुने गरी हकप्रद शेयर निष्काशन गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति** : कम्पनीको आठौं वार्षिक साधारण सभा सम्पन्न भएको मिति २०७८/०६/०३ गते रहेको छ ।

श्री विद्युत नियमन आयोगबाट मिति २०७९/०१/२३ गते विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ५ बमोजिम हुने हुने गरी डादी ग्रुप पावर लिमिटेडले सिउरी न्यादी पावर लि.को कुल अधिकृत जारी पुँजी रु. २ अर्ब १० करोडको ५१ प्रतिशत हिस्सा बराबरको रु. १,०७,१०,००,०००/- शेयर लगानी गर्न डादी ग्रुप पावर लि. को कुल चुक्ता पुँजी र. ७०,६९,३२,४०० को १ : १.५ को अनुपातमा हुने १,०६,०३,९८,६०० बराबरको १,०६,०३,९८६ कित्ता हकप्रद शेयर निष्काशन गर्न निम्न शर्तहरु सहित अनुमति प्रदान गरिएको ।

शर्तहरु :

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिश्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासान सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) हकप्रद शेयर निष्कासनको सम्बन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को समेत पालना गर्नुपर्नेछ ।

**ञ) संचालकहरुको परिचय :**

कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

| सि.नं. | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|
| १. | श्री रविन सुबेदी बुढानिलकण्ठ न.पा.१, काठमाण्डौं | अध्यक्ष | नेपाली | ६,६६१ | स्नातक | व्यापार व्यवसाय एवं व्यवस्थापकीय कार्यहरुमा करिव १३ बर्षको कार्य अनुभव । |
| २. | श्रीमती रञ्जु अधिकारी, भद्रपुर न.पा. १५, झापा | सञ्चालक | नेपाली | १२० | स्नात्तकोत्तर | जलविद्युत, लेखा प्रसाशन क्षेत्रमा करिव १७ वर्षको कार्य अनुभव |
| ३. | श्रीमती रिली गुरुङ्ग, सितापाइला ९, काठमाडौं । | सञ्चालक | नेपाली | १२० | प्रमाणपत्र तह | होटेल व्यवसायमा ८ बर्ष तथा रियल स्टेट् व्यवसायमा १० वर्षको अनुभव |
| ४. | श्री सत्य नारायण प्रजापति, भक्तपुर न.पा.१, भक्तपुर | सञ्चालक | नेपाली | १५२ | स्नात्तकोत्तर | विभिन्न व्यापारिक, व्यावसायिक तथा सामाजिक संस्थामा २६ बर्षको कार्यानुभव । |
| ५. | श्री सुधांशु तुलस्यान, बीरगंज उ.प.म.न.पा १३, पर्सा | सञ्चालक | नेपाली | १२१ | स्नातक | सूचना प्रविधि क्षेत्रमा १० वर्षको अनुभव |
| ६. | श्री विकास गिरी, मोतिपुर ५, कपिलवस्तु | सञ्चालक | नेपाली | १०० | स्नातक | जलविद्युत लेखा प्रसाशन क्षेत्रमा करिव ८ वर्षको कार्य अनुभव |
| ७. | श्रीमती लक्ष्मी शोभा गोसाई, भक्तपुर न.पा. १, भक्तपुर | स्वतन्त्र सञ्चालक | नेपाली | - | स्नातक | लेखा तथा बजार व्यवस्थापनमा करिव ८ बर्षको कार्यअनुभव । |

**नोटः** सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको व्यहोरा जानकारी गराईन्छ ।

**कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

नाम :श्री सुदिप बास्कोटा

ठेगाना :चन्द्रागिरी न.पा.१३, काठमाण्डौं

शैक्षिक योग्यता :स्नातक

अनुभव :ब्यबस्थापकीय सम्बन्धि कार्यहरुमा करिव १७ बर्षको कार्य अनुभव ।

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ७ (सात) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ४ जना |
| सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| महिला स्वतन्त्र सञ्चालक | १ जना |
| **जम्मा** | **७ जना** |

मिति २०७६/०५/१५ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।

सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।

कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर नयाँ १.५ शेयर (१ : १.५) को अनुपातमा प्रति शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विक्री गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका ( खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तिन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| *सम्पत्ति, प्लाण्ट तथा मेसिनरी* | ९३२,७७७,१३६ | ९३३,१२०,६३६ | ९३३,१२०,६३६ |
| *न्युनः संचित ह्रास* | (२०४,२१०,२९८) | (२३३,३५०,२४०) | (२६२,४२९,१८४) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ७२८,५६६,८३८ | ६९९,७७०,३९६ | ६७०,६९१,४५२ |
| लगानी | १५३,२५०,९१५ | १५३,२५०,९१५ | १५५,२५०,९१५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **८८१,८१७,७५३** | **८५३,०२१,३११** | **८२५,९४२,३६७** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ८,८८३,५७५ | ८,३२१,४४१ | ३,८४२,९५३ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | ७३,४१३,३६२ | ७३,३६७,६८७ | १८६,९३९,०१६ |
| **जम्मा चालु सम्पत्ति** | **८२,२९६,९३७** | **८१,६८९,१२८** | **१९०,७८१,९६९** |
| **जम्मा सम्पत्ति** | **९६४,११४,६९०** | **९३४,७१०,४३९** | **१,०१६,७२४,३३६** |
| **पूँजी तथा दायित्व** | | | |

| | | | |
|---|---|---|---|
| **पूँजी** | | | |
| शेयर पूँजी | ५३५,५५४,८०० | ५३५,५५४,८०० | ५८९,११०,३०० |
| संचित जगेडा तथा कोष/(घाटा) | ६४,८४६,३७५ | ६९,९०५,४३७ | १३१,०१९,४१७ |
| **जम्मा पूँजी** | **६००,४०१,१७५** | **६०५,४६०,२३७** | **७२०,१२९,७१७** |
| **दिर्घकालिन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | ३०७,५०३,०८५ | २५६,०५७,१३९ | १९२,००३,०८६ |
| **जम्मा दिर्घकालिन कृण** | **३०७,५०३,०८५** | **२५६,०५७,१३९** | **१९२,००३,०८६** |
| **चालुदायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटि | १९,१९१,३१२ | ३२,७८३,१०९ | ३५,८६८,९७२ |
| व्यवसायिक तथा अन्य दायित्व | ३७,०१०,३९९ | ४०,३००,०७६ | ६८,५८४,१५९ |
| अग्रिम करकट्टि दायित्व | ८,७१९ | १०९,८७८ | १३८,४०२ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **५६,२१०,४३०** | **७३,१९३,०६३** | **१०४,५९१,५३३** |
| **जम्मा पूँजी तथा दायित्व** | **९६४,११४,६९०** | **९३४,७१०,४३९** | **१,०१६,७२४,३३६** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** |
| बिद्युत बिक्री आम्दानी | १४३,७५०,४६१ | १३६,५८३,८२५ | ८८,३३४,७२५ |
| न्यून:रोयल्टी खर्च | ३,३५५,१६४ | ३,२३१,६७७ | २,२६६,६९५ |
| न्यून: परियोजना खर्च | १२,२५८,०२६ | १०,९४४,४०३ | १३,७५१,८०४ |
| **खुद नाफा** | **१२८,१३७,२७१** | **१२२,४०७,७४५** | **७२,३१६,२२६** |
| जोड: अन्य आम्दानी | ९,१४३,९२७ | १,२५७,९८७ | १३०,८४४,३०८ |
| **न्यून:** | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | ५,५२१,१०७ | ४,८००,७५४ | ५,८१५,११४ |
| अपलेखन खर्च | - | - | - |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | १,०४८,१८२ | ५०,२२० | ९१,२६० |
| **संचालन नाफा** | **१३०,७११,९०९** | **११८,८१४,७५८** | **१९७,२५४,१६०** |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | ३७,५३२,६८७ | २९,८६४,०५९ | २१,३०२,४९१ |
| ह्रास खर्च | २९,१०४,६१७ | २९,१३९,९४२ | २९,०७८,९४४ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **६४,०७४,६०५** | **५९,८१०,७५७** | **१४६,८७२,७२५** |
| प्रस्तावित बोनस | १,२८१,४९२ | १,१९६,२१५ | २,९३७,४५५ |
| चालु आयकर | १,४७१,९१८ | - | २६,४४७,१०० |
| डेफर्ड आयकर | - | - | - |
| **खुद नाफा/(नोक्सानी)** | **६१,३२१,१९५** | **५८,६१४,५४२** | **११७,४८८,१७०** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | | | |
| यस बर्षको नाफा / (नोक्सानी) | ६१,३२१,१९५ | ५८,६१४,५४२ | ११७,४८८,१७० |
| अघिल्लो बर्षसम्मको नाफा / (नोक्सानी) | ५९,८९८,६५७ | ६४,८४६,३७५ | ६९,९०५,४३७ |
| न्यून: लाभांश भुक्तानी | (५३,५५४,८००) | (५०,८८८,९४५) | (५३,५५५,४८०) |
| न्यून: लाभांश करको लागि नगद | (२,८१८,६७७) | (२,६६६,५३५) | (२,८१८,७१०) |
| वासलतमा सारिएको | **६४,८४६,३७५** | **६९,९०५,४३७** | **१३१,०१९,४१७** |

**नगद प्रवाह विवरण**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.ब.०७५/०७६** | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | ६१,३२१,१९५ | ५८,६१४,५४२ | ११७,४८८,१७० |
| जोड: आर्थिक खर्च | ३७,५३२,६८७ | २९,८६४,०५९ | २१,३०२,४९१ |
| जोड: सम्पत्ति निर्सगबाट नोक्सान | - | - | - |
| जोड: ह्रासकट्टी | २९,१०४,६१७ | २९,१३९,९४२ | २९,०७८,९४४ |

| | | | |
|---|---|---|---|
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१२७,९५८,४९९** | **११७,६१८,५४३** | **१६७,८६९,६०५** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (४०,६२६,७१९) | ४५,६७५ | (११३,५७१,३२९) |
| चालु दायित्वमा वृद्धि/(कमी) | २२,५२४,६७३ | १६,९८२,६३३ | ३१,३९८,४७० |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१०९,८५६,४५३** | **१३४,६४६,८५१** | **८५,६९६,७४६** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - | - | - |
| लगानीमा (वृद्धि)/कमी | - | - | (२,०००,०००) |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | (९,४५०) | (३४३,५००) | - |
| न्यून: सम्पत्ति निर्सग | - | - | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(९,४५०)** | **(३४३,५००)** | **(२,०००,०००)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | - | - | ५३,५५५,५०० |
| बैक कर्जामा बृद्धि/(कमी) | (५४,०००,००१) | (५१,४४५,९४६) | (६४,०५४,०५३) |
| लाभांश | (५६,३७३,४७७) | (५३,५५५,४८०) | (५६,३७४,१९०) |
| वित्तिय लागत | (३७,५३२,६८७) | (२९,८६४,०५९) | (२१,३०२,४९१) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(१४७,९०६,१६५)** | **(१३४,८६५,४८५)** | **(८८,१७५,२३४)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(३८,०५९,१६२)** | **(५६२,१३४)** | **(४,४७८,४८८)** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ४६,९४२,७३७ | ८,८८३,५७५ | ८,३२१,४४१ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **८,८८३,५७५** | **८,३२१,४४१** | **३,८४२,९५३** |

नोट : आ.व. २०७६/७७ तथा आ.व. २०७७/७८ मा लेखापरिक्षकले Nepal Financial Reporting Standard (NFRS) बमोजिम वित्तीय विवरण तयार नभएको भनि Discalimer of Opinion प्रदान गरेको छ ।

**कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण**
**बासलात**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.ब.२०७८/०७९** | **आ.ब.२०७९/०८०** | **आ.ब.२०८०/०८१** |
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ६४१,६५८,२९६ | ६१२,६५९,५११ | ५८३,६८६,५३२ |
| लगानी | १,७४१,१०५,८३४ | १,७४१,१०५,८३४ | १,७४१,१०५,८३४ |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **२,३८२,७६४,१३०** | **२,३५३,७६५,३४५** | **२,३२४,७९२,३६६** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३१३,७८९,०९६ | ३८७,७५५,४१७ | ४२४,२०४,९५० |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | २३,२५३,५६४ | २३,२५३,५६४ | २३,२५३,५६४ |
| **जम्मा चालु सम्पत्ति** | **३३७,०४२,६६०** | **४११,००८,९८१** | **४४७,४५८,५१४** |
| **जम्मा सम्पत्ति** | **२,७१९,८०६,७९०** | **२,७६४,७७४,३२६** | **२,७७२,२५०,८८०** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,७६७,३३१,००० | १,७६७,३३१,००० | १,७६७,३३१,००० |
| संचित जगेडा तथा कोष/(घाटा) | ६४,१६०,२१५ | १०९,७९२,५७७ | १७५,५२६,१३१ |
| **जम्मा पूँजी** | **१,८३१,४९१,२१५** | **१,८७७,१२३,५७७** | **१,९४२,८५७,१३१** |
| **दिर्घकालिन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | ८२०,२२८,१०७ | ८१२,६२३,१०७ | ७५५,३६६,१०७ |
| **जम्मा दिर्घकालिन ऋण** | **८२०,२२८,१०७** | **८१२,६२३,१०७** | **७५५,३६६,१०७** |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| छोटो अवधि सापटि | १८,०५९,८२६ | २५,०००,००० | २४,०००,००० |

| | | | |
|---|---|---|---|
| व्यवसायिक तथा अन्य दायित्व | ५०,०००,००० | ५०,०००,००० | ५०,०००,००० |
| अग्रिम करकट्टि दायित्व | २७,६४२ | २७,६४२ | २७,६४२ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **६८,०८७,४६८** | **७५,०२७,६४२** | **७४,०२७,६४२** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,७१९,८०६,७९०** | **२,७६४,७७४,३२६** | **२,७७२,२५०,८८०** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० | आ.ब.२०८०/०८१ |
| **कुल आम्दानी:** | | | |
| बिद्युत बिक्री आम्दानी | १४०,२२२,४९३ | १४०,२२२,४९३ | १४०,२२२,४९३ |
| जोडः अन्य आम्दानी | ४३,३१४,७७९ | ४३,३१४,७७९ | ६४,९७२,१६९ |
| **जम्मा आम्दानी:** | **१८३,५३७,२७२** | **१८३,५३७,२७२** | **२०५,१९४,६६२** |
| न्यून: | | | |
| रोयल्टी खर्च | (३,३०४,४५०) | (३,३०४,४५०) | (३,३०४,४५०) |
| परियोजना खर्च | (१५,३६४,३५८) | (१७,०२५,२८९) | (१८,७३६,०४८) |
| **खुद नाफा** | **१६४,८६८,४६४** | **१६३,२०७,५३३** | **१८३,१५४,१६४** |
| न्यून: | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | (५,९८९,५६७) | (६,१६९,२५४) | (६,३५४,३३२) |
| शेयर जारी खर्च | (२,५००,०००) | - | - |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | (७०१,११२) | (७०१,११२) | (७०१,११२) |
| **सचांलन नाफा** | **१५५,६७७,७८५** | **१५६,३३७,१६७** | **१७६,०९८,७२०** |
| न्यून: | | | |
| **गैर सचांलन खर्चहरु** | | | |
| आर्थिक खर्च | (६८,८६३,६११) | (७५,६०१,०११) | (७२,५९७,९०१) |
| ह्रास खर्च | (२९,०३३,१५७) | (२८,९९८,७८५) | (२८,९७२,९७९) |
| **कर र बोनस अघिको नाफा/(नोक्सानी)** | **५७,७८१,०१७** | **५१,७३७,३७१** | **७४,५२७,८४०** |
| न्यून: | | | |
| कर्मचारी बोनसको व्यवस्था | (१,१५५,६२०) | (१,०३४,७४७) | (१,४९०,५५७) |
| **कर अघिको नाफा/(नोक्सानी)** | **५६,६२५,३९७** | **५०,७०२,६२४** | **७३,०३७,२८३** |
| चालु आयकर | (५,६६२,५४०) | (५,०७०,२६२) | (७,३०३,७२८) |
| डेफर्ड आयकर | - | - | - |
| **खुद नाफा / (नोक्सानी)** | **५०,९६२,८५७** | **४५,६३२,३६२** | **६५,७३३,५५५** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | | | |
| यस बर्षको नाफा / (नोक्सानी) | ५०,९६२,८५७ | ४५,६३२,३६२ | ६५,७३३,५५५ |
| अघिल्लो बर्षसम्मको नाफा /(नोक्सानी) | १३१,०१९,४१८ | ६४,१६०,२१५ | १०९,७९२,५७७ |
| प्रस्तावित भुक्तानी | (११७,८२२,०६०) | - | - |
| **वासलतमा सारिएको** | **६४,१६०,२१५** | **१०९,७९२,५७७** | **१७५,५२६,१३१** |

**नगद प्रवाहको विवरण**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब.२०७८/०७९ | आ.ब.२०७९/०८० | आ.ब.२०८०/०८१ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | ५०,९६२,८५७ | ४५,६३२,३६२ | ६५,७३३,५५५ |
| जोडः आर्थिक खर्च | ६८,८६३,६११ | ७५,६०१,०११ | ७२,५९७,९०१ |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | - | - | - |
| जोडः ह्रासकट्टी | २९,०३३,१५७ | २८,९९८,७८५ | २८,९७२,९७९ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१४८,८५९,६२५** | **१५०,२३२,१५८** | **१६७,३०४,४३५** |

| | | | |
|---|---|---|---|
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | १६३,६८५,४५२ | - | - |
| चालु दायित्वमा  वृद्धि/(कमी) | (३६,५०४,०६५) | ६,९४०,१७४ | (१,०००,०००) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **२७६,०४१,०१२** | **१५७,१७२,३३२** | **१६६,३०४,४३५** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - | - | - |
| लगानीमा (वृद्धि)/कमी | (१,५८५,८५४,९१९) | - | - |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - | - | - |
| न्यून: सम्पत्ति निर्सग | - | - | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | (१,५८५,८५४,९१९) | **-** | **-** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | १,१७८,२२०,७०० | - | - |
| बैक कर्जामा बृद्धि/(कमी) | ६२८,२२५,०२१ | (७,६०५,०००) | (५७,२५७,०००) |
| लाभांश | (११७,८२२,०६०) | - | - |
| वित्तिय लागत | (६८,८६३,६११) | (७५,६०१,०११) | (७२,५९७,९०१) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **१,६१९,७६०,०५०** | **(८३,२०६,०११)** | **(१२९,८५४,९०१)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **३०९,९४६,१४३** | **७३,९६६,३२१** | **३६,४४९,५३४** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ३,८४२,९५३ | ३१३,७८९,०९६ | ३८७,७५५,४१७ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३१३,७८९,०९६** | **३८७,७५५,४१७** | **४२४,२०४,९५०** |

**प्रक्षेपित अन्य आम्दानीको विवरणहरु :**

| विवरण | २०७८-७९ | २०७९-८० | २०८०-८१ |
|---|---|---|---|
| | अन्य आम्दानी | अन्य आम्दानी | अन्य आम्दानी |
| माइखोला हाड्रोपावर लि. | ७,०००,००० | ७,०००,००० | १०,५००,००० |
| सगरमाथा जलविद्युत कम्पनी लि. | ३६,३१४,७७९ | ३६,३१४,७७९ | ५४,४७२,१६९ |
| सिउरी न्यादी पावर लि. | - | - | - |
| **जम्मा** | **४३,३१४,७७९** | **४३,३१४,७७९** | **६४,९७२,१६९** |

**प्रक्षेपित खर्चहरुको विवरणहरु:**

| **प्रशासनिक खर्च** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| **विवरण** | **आ.व.२०७८।७९** | **आ.व.२०७९।८०** | **आ.व.२०८०।८१** |
| साधारण सभा खर्च | २०,८५८ | २१,४८४ | २२,१२९ |
| लेखापरीक्षण शुल्क | १९२,०४४ | १९७,८०५ | २०३,७३९ |
| विज्ञापन खर्च | ११३,०१८ | ११६,४०९ | ११९,९०१ |
| बोनस शेयर दर्ता खर्च | ४५२,६९० | ४६६,२७१ | ४८०,२५९ |
| वडा कार्यालयमा व्यवसाय नवीकरण शुल्क | २०,०८५ | २०,६८८ | २१,३०९ |
| सरसफाई खर्च | २८,९७४ | २९,८४३ | ३०,७३८ |
| क्रेडिट मूल्याङ्कन खर्च | २३२,७८० | २३९,७६३ | २४६,९५६ |
| डेस्क अध्ययन रिपोर्ट खर्च | १०३,००० | १०६,०९० | १०९,२७३ |
| घर भाडा खर्च | ८९७,३३६ | ९२४,२५६ | ९५१,९८४ |
| बोर्ड बैठक भत्ता | २१४,२४० | २२०,६६७ | २२७,२८७ |
| मुद्रण र स्टेशनरी | ४५,२५४ | ४६,६१२ | ४८,०१० |
| विविध खर्च | १३,४३५ | १३,८३८ | १४,२५३ |
| बीमा खर्च ( बाइक | १०,८५९ | ११,१८५ | ११,५२१ |
| प्रधान कार्यालयका कर्मचारीको तलब | २,५२९,५३६ | २,६०५,४२२ | २,६८३,५८५ |
| कानूनी खर्च | ३०९,००० | ३१८,२७० | ३२७,८१८ |
| स्थानीय यातायात | २२१,५३८ | २२८,१८४ | २३५,०३० |

| | | | |
|---|---|---|---|
| सदस्यता शुल्क | ४०,१७० | ४१,३७५ | ४२,६१६ |
| कार्यालय खर्च | २५,१९४ | २५,९५० | २६,७२९ |
| नेप्से सूचीबद्ध खर्च | १०३,००० | १०६,०९० | १०९,२७३ |
| च्त्क सेवा खर्च | ४०७,२८८ | ४१९,५०७ | ४३२,०९२ |
| वेबसाइट खर्च | ९,२७० | ९,५४८ | ९,८३४ |
| **जम्मा** | **५,९८९,५६९** | **६,१६९,२५७** | **६,३५४,३३६** |

| **आयोजना संचालन खर्च** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| **विवरण** | **आ.व.२०७८।७९** | **आ.व.२०७९।८०** | **आ.व.२०८०।८१** |
| साइट कार्यालय को लागी संचार | १०४,८५४ | १०८,००० | १११,२४० |
| साइट उपयोगिता खर्च | २७,८८७ | २८,७२४ | २९,५८६ |
| दान खर्च | २७५,०१० | २८३,२६० | २९१,७५८ |
| साइट अफिसको लागि खाना र आवास | १२९,७५९ | १३३,६५२ | १३७,६६२ |
| इन्धन खर्च | २८,४८६ | २९,३४१ | ३०,२२१ |
| कर्मचारीको बीमा प्रिमियम | ६,२११ | ६,३९७ | ६,५८९ |
| बीमा प्रिमियम मेसिनरी ब्रेकडाउन | ७०६,९५१ | ७२८,१६० | ७५०,००५ |
| भूमि कर | ४८४ | ४९९ | ५१४ |
| साइट को लागी कार्यालय सामाग्री | ९५,६२९ | ९८,४९८ | १०१,४५३ |
| साइट को लागी औषधि | २२,३९६ | २३,०६८ | २३,७६० |
| गस्ती खर्च | १९७,८१२ | २०३,७४६ | २०९,८५८ |
| परियोजना बीमा | १,१५०,३१९ | १,१८४,८२९ | १,२२०,३७४ |
| परियोजना यात्रा खर्च | ४९,४१९ | ५०,९०२ | ५२,४२९ |
| मर्मत र मर्मत - ब्लक(डी | ४,०२८,२२० | ४,१४९,०६७ | ४,२७३,५३९ |
| लस अफ प्रोफिट बीमा | ९०४,९२२ | ९३२,०७० | ९६०,०३२ |
| साइट कार्यालय कर्मचारी दशैं भत्ता | ३०३,७४७ | ३१२,८५९ | ३२२,२४५ |
| साइट कर्मचारी घर भत्ता | १,४७३,१०६ | १,५१७,२९९ | १,५६२,८१८ |
| साइट कार्यालय कर्मचारी तलब | ३,४४८,२३४ | ३,५५१,६८१ | ३,६५८,२३१ |
| साइट कार्यालय कर्मचारी सामाजिक सुरक्षा योगदान | ५७६,५९४ | ५९३,८९२ | ६११,७०९ |
| साइट कार्यालय कर्मचारी यातायात भत्ता | १८५,४०० | १९०,९६२ | १९६,६९१ |
| शनिबार भत्ता | ३५१,८९१ | ३६२,४४८ | ३७३,३२१ |
| खेलकुद खर्च साइट | ८,६५२ | ८,९१२ | ९,१७९ |
| सवारी रखरखाव खर्च साइट | ७८,३४२ | ८०,६९२ | ८३,११३ |
| साइट अफिसको लागि स्टेशनरी र फोटोकपी | १०,०३२ | १०,३३३ | १०,६४३ |
| मर्मत र रखरखाव | १,२००,००० | २,४३६,००० | ३,७०९,०८० |
| **जम्मा** | **१५,३६४,३५७** | **१७,०२५,२९१** | **१८,७३६,०५०** |

| **सलामी दस्तुर** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| **विवरण** | **आ.व.२०७८।७९** | **आ.व.२०७९।८०** | **आ.व.२०८०।८१** |
| क्षमता सलामी | ५००,००० | ५००,००० | ५००,००० |
| आम्दानी सलामी | २,८०४,४५० | २,८०४,४५० | २,८०४,४५० |
| **जम्मा** | **३,३०४,४५०** | **३,३०४,४५०** | **३,३०४,४५०** |

(ख) कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति ( नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब. २०७५/०७६** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** | **आ.ब. २०७८/०७९** | **आ.ब. २०७९/०८०** | **आ.ब. २०८०/०८१** |
| चुक्ता पुंजी | ५३५,५५४,८०० | ५३५,५५४,८०० | ५८९,११०,३०० | १,७६७,३३१,००० | १,७६७,३३१,००० | १,७६७,३३१,००० |
| जगेडा तथा कोषहरु | ६४,८४६,३७५ | ६९,९०५,४३७ | १३१,०१९,४१८ | ६४,१६०,२१५ | १०९,७९२,५७७ | १७५,५२६,१३१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **कुल** | ६००,४०१,१७५ | ६०५,४६०,२३७ | ७२०,१२९,७१८ | १,८३१,४९१,२१५ | १,८७७,१२३,५७७ | १,९४२,८५७,१३१ |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | - | - | - | - | - | - |
| **कुल नेटवर्थ** | ६००,४०१,१७५ | ६०५,४६०,२३७ | ७२०,१२९,७१८ | १,८३१,४९१,२१५ | १,८७७,१२३,५७७ | १,९४२,८५७,१३१ |
| शेयर संख्या | ५,३५५,५४८ | ५,३५५,५४८ | ५,८९१,१०३ | १७,६७३,३१० | १७,६७३,३१० | १७,६७३,३१० |
| प्रति शेयर नेटवर्थ (रु.) | ११२.११ | ११३.०५ | १२२.२४ | १०३.६३ | १०६.२१ | १०९.९३ |
| प्रति शेयर चुक्ता पुंजी | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| प्रति शेयर आम्दानी (EPS) | ११.४५ | १०.९४ | १९.९४ | २.८८ | २.५८ | ३.७२ |
| नेटवर्थमा औसत प्रतिफल | १०.२१% | ९.६८% | १६.३१% | २.७८% | २.४३% | ३.३८% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | **१८.५७%** | |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री जि पौड्याल एण्ड एसोशियट्का चार्टड एकाण्टेण्ट श्री घनश्याम पौड्यालले गर्नु भएको हो ।

**वित्तीय प्रक्षेपणका बृद्धिदर :**

| **विवरण** | **आ.ब. २०७८।७९** | | **आ.ब. २०७९।८०** | | **आ.ब. २०८०।८१** | |
|---|---|---|---|---|---|---|
| | **रकम रु.** | **बृद्धि दर** | **रकम रु.** | **बृद्धि दर** | **रकम रु.** | **बृद्धि दर** |
| बिद्युत बिक्री आम्दानी | १४०,२२२,४९३ | ३७.००% | १४०,२२२,४९३ | ०.००% | १४०,२२२,४९३ | ०.००% |
| परियोजना खर्च | १५,३६४,३५८ | १०.५०% | १७,०२५,२८९ | १०.८१% | १८,७३६,०४८ | १०.०५% |
| प्रशासनिक खर्च | ५,९८९,५६७ | ३.००% | ६,१६९,२५४ | ३.००% | ६,३५४,३३२ | ३.००% |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | ७०१,११२ | ६६८.२६% | ७०१,११२ | ०.००% | ७०१,११२ | ०.००% |
| आर्थिक खर्च | ६८,८६३,६११ | २२३.२७% | ७५,६०१,०११ | ९.७८% | ७२,५९७,९०१ | -३.९७% |

**<u>वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :</u>**

१. कम्पनीले प्रस्ताव गरेको हालको चुक्ता पूँजीको १५० प्रतिशत हकप्रद शेयर आर्थिक वर्ष २०७८।०७९ को असार मसान्त भित्र निश्कासन गरि कम्पनीको चुक्ता पूँजी रु. १,७६,७३,३१,००० (नजीकको हजारमा राउन्ड अफ) गरिएको छ ।

२. हकप्रद शेयर विक्रिबाट प्राप्त रकम रु. १,०६,०३,९८,६०० लाई श्री सिउरी न्यादी पावर लि.को अधिकृत पूँजीको ५१ प्रतिशत भन्दा बढी शेयरमा लगानी गरिएको ।

३. कुनै नयाँ सम्पत्ति थप्ने प्रस्ताव नगरिएको र कम्पनी पोलिसी अनुसार ह्रास कट्टि ३.१२५ प्रतिशतले प्रस्तावित गरिएको ।

४. अन्य आम्दानी भनेको सगरमाथा जलविद्युत कम्पनी लिमिटेड र माइखोला हाइड्रोपावर लिमिटेडमा आर्थिक वर्ष २०७८।०७९ र सिउरी न्यादी पावर लिमिटेडबाट आर्थिक वर्ष २०८२।०८३ बाट भएको लगानीको प्रतिफल हो ।

५. बिक्रिबाट प्राप्त हुन बाँकि रकमलाई २ महिनामा प्राप्त हुने प्रस्तावित गरिएको ।

६. ऋण, पेश्की तथा धरौटी र चालु दायित्व तथा भुक्तानी गर्न बाँकि लाई विगत वर्षहरुको अनुसार नै प्रस्तावित गरिएको ।

७. आगामी वर्षहरूमा वितरण गरिने लाभांश प्रक्षेपण गरिएको छैन ।

८. बिजुली विक्रिबाट हुने आम्दानीको हिसाव श्री नेपाल विद्युत प्राधिकरण संग भएको विद्युत खरीद संझौता अनुसार प्रस्ताव गरिएको ।

९. विद्युत उत्पादन तथा विक्रिको सलामी दस्तुर विद्युत खरीद संझौता अनुसार प्रस्ताव गरिएको ।

१०. विद्युत गृह संचालन खर्चहरु प्रत्येक वर्ष ३ प्रतिशतका दरले बृद्धि गरिएको र रु. १२ लाख प्रत्येक वर्ष मर्मत संभारका लागि छुट्टयाइएको ।

११. प्रशासनिक खर्च र कर्मचारी बोनस प्रत्येक वर्ष ३ प्रतिशतले बृद्धि गरिएको ।

१२. व्याज खर्च ९.२६ प्रतिशतका दरले प्रस्ताव गरिएको ।

१३. कर्मचारी बोनस खुद नाफाको २ प्रतिशतका दरले प्रस्तावित गरिएको ।

१४. आ.व. २०७८।०७९ को आयबाट लाग्ने आयकरको ५० प्रतिशतका दरले आयकरको प्रक्ष्यपण गरिएको ।

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

यस कम्पनीको आ.व २०७७/७८ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण देहाय अनुसार रहेको छ :

**२०७८ आषाढ मसान्तको वासलात**

| विवरण | रु. |
|---|---|
| **सम्पत्ति** | |
| **गैर चालु सम्पत्ति** | |
| *सम्पत्ति, प्लाण्ट तथा मेसिनरी* | ९३३,१२०,६३६ |
| *न्यून: संचित ह्रास* | (२६२,४२९,१८४) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ६७०,६९१,४५२ |
| लगानी | १५५,२५०,९१५ |
| **जम्मा गैर चालु सम्पत्ति** | **८२५,९४२,३६७** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ३,८४२,९५३ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १८६,९३९,०१६ |
| **जम्मा चालु सम्पत्ति** | **१९०,७८१,९६९** |
| **जम्मा सम्पत्ति** | **१,०१६,७२४,३३६** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ५८९,११०,३०० |
| संचित जगेडा तथा कोष/(घाटा) | १३१,०१९,४१७ |
| **जम्मा पूँजी** | **७२०,१२९,७१७** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | १९२,००३,०८६ |
| **जम्मा दिर्घकालिन कृण** | **१९२,००३,०८६** |
| **चालुदायित्व तथा व्यवस्था** | |
| छोटो अवधि सापटि | ३५,८६८,९७२ |
| व्यवसायिक तथा अन्य दायित्व | ६८,५८४,१५९ |
| अग्रिम करकट्टि दायित्व | १३८,४०२ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **१०४,५९१,५३३** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,०१६,७२४,३३६** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७७ देखि २०७८ आषाढ ३१, सम्म)**

| विवरण | रु. |
|---|---|
| बिद्युत बिक्री आम्दानी | ८८,३३४,७२५ |
| न्यून:रोयल्टी खर्च | २,२६६,६९५ |
| न्यून: परियोजना खर्च | १३,७५१,८०४ |
| **खुद नाफा** | **७२,३१६,२२६** |
| जोड: अन्य आम्दानी | १३०,८४४,३०८ |
| **न्यून:** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | ५,८१५,११४ |
| अपलेखन खर्च | - |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | ९१,२६० |
| **संचालन नाफा** | **१९७,२५४,१६०** |
| **गैर सचांलन खर्चहरु** | |
| आर्थिक खर्च | २१,३०२,४९१ |
| ह्रास खर्च | २९,०७८,९४४ |
| **कर अधिको नाफा/(नोक्सानी)** | **१४६,८७२,७२५** |
| प्रस्तावित बोनस | २,९३७,४५५ |
| चालु आयकर | २६,४४७,१०० |

| | |
|---|---|
| डेफर्ड आयकर | - |
| **खुद नाफा/(नोक्सानी)** | **११७,४८८,१७०** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | |
| यस बर्षको नाफा / (नोक्सानी) | ११७,४८८,१७० |
| अघिल्लो बर्षसम्मको नाफा / (नोक्सानी) | ६९,९०५,४३७ |
| न्यून: लाभांश भुक्तानी | (५३,५५५,४८०) |
| न्यून: लाभांश करको लागि नगद | (२,८१८,७१०) |
| वासलतमा सारिएको | **१३१,०१९,४१७** |

**नगद प्रवाहको विवरण (२०७८ आषाढ मसान्त)**

| विवरण | रु. |
|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | ११७,४८८,१७० |
| जोड: आर्थिक खर्च | २१,३०२,४९१ |
| जोड: सम्पत्ति निर्सगबाट नोक्सान | - |
| जोड: ह्रासकट्टी | २९,०७८,९४४ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **१६७,८६९,६०५** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | (११३,५७१,३२९) |
| चालु दायित्वमा वृद्धि/(कमी) | ३१,३९८,४७० |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **८५,६९६,७४६** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - |
| लगानीमा (वृद्धि)/कमी | (२,०००,०००) |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - |
| न्यून: सम्पत्ति निर्सग | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(२,०००,०००)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| शेयर लगानीमा बृद्धि/(कमी) | ५३,५५५,५०० |
| बैक कर्जामा बृद्धि/(कमी) | (६४,०५४,०५३) |
| लाभांश | (५६,३७४,१९०) |
| वित्तिय लागत | (२१,३०२,४९१) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **(८८,१७५,२३४)** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **(४,४७८,४८८)** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ८,३२१,४४१ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३,८४२,९५३** |

**त(१). आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी:**

**२०७८ चैत्र मसान्तको वासलात**

| विवरण | रु. |
|---|---|
| **<u>सम्पत्ति</u>** | |
| **गैर चालु सम्पत्ति** | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | ९३३,१२०,६३६ |
| न्युन: संचित ह्रास | (२८१,७८४,६२३) |
| कुल सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | **६५१,३३६,०१३** |
| लगानी | ८७५,४३३,८३४ |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,५२६,७६९,८४७** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ९,७६८,५२२ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १३८,८१५,१२१ |

| | |
|---|---|
| **जम्मा चालु सम्पत्ति** | **१४८,५८३,६४३** |
| **जम्मा सम्पत्ति** | **१,६७५,३५३,४९०** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | ७०६,९३२,४०० |
| संचित जगेडा तथा कोष/(घाटा) | ५७,४८९,२२४ |
| **जम्मा पूँजी** | **७६४,४२१,६२४** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | ८२६,५५१,०४९ |
| **जम्मा दिर्घकालिन कृण** | **८२६,५५१,०४९** |
| **चालुदायित्व तथा व्यवस्था** | |
| छोटो अवधि सापटि | ३५,०९७,५०१ |
| व्यवसायिक तथा अन्य दायित्व | ४९,१२६,०९२ |
| अग्रिम करकट्टि दायित्व | १५७,२२४ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **८४,३८०,८१७** |
| **जम्मा पूँजी तथा दायित्व** | **१,६७५,३५३,४९०** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७८ देखि चैत्र ३०, २०७८ सम्म)**

| **विवरण** | **रु.** |
|---|---|
| बिद्युत बिक्री आम्दानी | ९७,५१३,०६४ |
| न्यून:रोयल्टी खर्च | (२,४५०,२६१) |
| न्यून: परियोजना खर्च | (१०,४७८,६२५) |
| **खुद नाफा** | **८४,५८४,१७८** |
| जोडः अन्य आम्दानी | ५०,४१२,६१२ |
| **न्यूनः** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | (९,९५०,३५७) |
| अपलेखन खर्च | |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | (५१,०८४) |
| **संचालन नाफा** | **१२४,९९५,३४९** |
| **गैर सचांलन खर्चहरु** | |
| आर्थिक खर्च | (४८,७४३,१२५) |
| ह्रास खर्च | (१९,३५५,४३९) |
| **कर अधिको नाफा/(नोक्सानी)** | **५६,८९६,७८५** |
| प्रस्तावित बोनस | (१,१३७,९३६) |
| चालु आयकर | (५,५७५,८८५) |
| डेफर्ड आयकर | - |
| **खुद नाफा/(नोक्सानी)** | **५०,१८२,९६४** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | |
| यस बर्षको नाफा / (नोक्सानी) | ५०,१८२,९६४ |
| अधिल्लो बर्षसम्मको नाफा / (नोक्सानी) | १३१,०१९,४१७ |
| न्यून: लाभांश भुक्तानी | (११७,८२२,१००) |
| न्यून: लाभांश करको लागि नगद | (५,८९१,०५७) |
| **वासलतमा सारिएको** | **५७,४८९,२२४** |

**नगद प्रवाहको विवरण (२०७८ चैत्र मसान्त)**

| **विवरण** | **रु.** |
|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | ५०,१८२,९६४ |
| जोडः आर्थिक खर्च | ४८,७४३,१२५ |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | - |
| जोडः ह्रसकट्टी | १९,३५५,४३९ |

| | |
|---|---|
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **११८,२८१,५२८** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | ५०,१२३,८९५ |
| चालु दायित्वमा वृद्धि/(कमी) | (२०,२१०,७१६) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१४८,१९४,७०७** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - |
| लगानीमा (वृद्धि)/कमी | (७२२,१८२,९१९) |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - |
| न्यून: सम्पत्ति निर्सग | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **(७२२,१८२,९१९)** |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| शेयर लगानीमा बृद्धि/(कमी) | ११७,८२२,१०० |
| बैक कर्जामा बृद्धि/(कमी) | ६३४,५४७,९६३ |
| लाभांश | (१२३,७१३,१५७) |
| वित्तिय लागत | (४८,७४३,१२५) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **५७९,९१३,७८१** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह ( क+ख+ग)** | **५,९२५,५६९** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ३,८४२,९५३ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **९,७६८,५२२** |

नोट : चैत्र मासन्त २०७८ को व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण ।

त(२). **धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्ने ।**

धतोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गरिनेछ ।

थ) **संगठित संस्थाले गर्ने भएको काममा निहित संभाबित आर्थिक जोखिमहरु :**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

– संचालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तिय जोखिम नरहेको ।

– नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम नरहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको ।

(यस परियोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :** सो नभएको।

(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू** : हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।

(ज) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर , भन्सार , विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने तर हाल कम्पनीले सम्पुर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयत गरिसकेको हुनाले यस्तो जोखिम नरहने ।

(झ) **सञ्चालन अनुभवको अभाव :** मिति २०६२ फागुन ९ गते देखि कम्पनीले आफ्नो कारोवार संचालन गरेकोले कम्पनीको संचालन इतिहास करिव १६ बर्ष भन्दा बढीको रहेकोले सञ्चालनमा अनुभवको अभाव नरहेको छ ।

(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम ब्यबसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यवसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम** : परियोजनाको पुर्वाधार निर्माणको काम हाल शत प्रतिशत पुरा भैसकेको हुनाले यस्तो जोखिम नरहेको

(ठ) **अन्य :**

- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न ब्यबस्थापनको धारणा :**

नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारण रहेको छ । पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारण ब्यबस्थापनको रहेकोछ । जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ । विमाको विवरण निम्न बमोजिम रहेका छ :

| क्र.सं. | बीमा पोलिसीको नाम | बीमा गरिएको मिति | बीमा कायम रहने अबधि | बीमा गरिएको कम्पनी | बीमाङ्क रकम | बीमा प्रिमियम रकम |
|---|---|---|---|---|---|---|
| १ | सम्पत्ति बीमा (समावेश गरिएको सम्पत्तिहरुः सिभिल संरचनाहरु, ट्रान्समिशन लाइन, पावरहाउस, इलेक्ट्रिकल, मेकानिकल, हाइड्रोमेकानिकल आदि) | २६।०६।२०७८ | २७।०६।२०७९ | नेको इन्सुरेन्स कं लि. | ४८,४२,१२,०३३।- | १०,१२,२६७।८४ |
| २ | मेशिनरी ब्रेकडाउन बीमा (समावेश गरिएको सम्पत्तिहरुः ट्रान्समिशन लाइन, पावरहाउस, इलेक्ट्रिकल, मेकानिकल, हाइड्रोमेकानिकल आदि) | २६।०६।२०७८ | २७।०६।२०७९ | नेको इन्सुरेन्स कं लि. | १३,४९,९०,७००।- | १५,२५,२०२।८१ |
| ३ | आम्दानीमा नोक्सानी बीमा | ०१।०१।२०७९ | २७।०६।२०७९ | नेको इन्सुरेन्स कं लि. | १५,७७,५०,३०५।११ | ९,६२,६१४।९६ |

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु. १००/- (प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

**द) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कम्पनीको रजिष्टर्ड कार्यालय अनामनगर, काठमाण्डौ तथा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क राखि कम्पनीको प्रवन्धपत्र नियमावली, पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव तथा लेखापरीक्षण प्रतिवेदन निरीक्षण गर्न पाईने छ ।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

निष्काशन गरिने हकप्रद शेयरको लागि कुनै प्रत्याभुति गरिएको छैन ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १: १.५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १.५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु)/हितग्राही खाता नम्बर, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

ट) रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

सो सम्बन्धि व्यवस्था नभएको र प्रबन्ध पत्र तथा नियमावली संसोधनको प्रकृयामा रहेको ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था आई.पि.मैनाली एण्ड एसोसियटस् काठमाण्डौ का सिए इन्द्र प्रसाद मैनालीज्यू रहेका छन ।

ख कम्पनीको कम्पनी सचिवमा श्री टंक प्रसाद रेग्मी रहनुभएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री चार्टड एकाउण्टेण्टस् संस्था जि पौड्याल एण्ड एसोसियटस काठमाण्डौका पार्टनर श्री घनश्याम पौडेलज्यूले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा विक्री प्रबन्धकमा श्री नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौं रहेको छ ।

**य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :**

**१. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :**

क) यस कम्पनीले आफ्नो जारी पूंजी रु. २,१२,०७,९७,१००/- * हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुंजीमा १ शेयर वरावर १.५ शेयर (१ : १.५) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुंजी संकलन गर्ने ।

ग) यस कम्पनीले सिउरी न्यादी पावर लि.को कुल अधिकृत जारी पुंजी रु. २ अर्ब १० करोडको ५१ प्रतिशत हिस्सा बराबरको रु. १,०७,१०,००,०००/- शेयर लगानी गर्न डादी ग्रुप पावर लि. को कुल चुक्ता पुंजी र. ७०,६९,३२,४०० को १ : १.५ को अनुपातमा हुने १,०६,०३,९८,६०० बराबरको १,०६,०३,९८६ कित्ता हकप्रद शेयर निष्काशन गर्ने ।

*नोट : कम्पनीको आठौं वार्षिक साधारण सभाबाट २०० प्रतिशत हकप्रद निष्काशनको लागि प्रस्ताव गरिएको र सोहि बामोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा जारी पूंजी रु. २,१२,०७,९७,१००/– हुने गरि संशोधन गरिएकोमा श्री विद्युत नियमन आयोगबाट मिति २०७९/०१/२३ गते विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ५ बमोजिम हुने हुने गरी डादी ग्रुप पावर लिमिटेडले सिउरी न्यादी पावर लि.को कुल अधिकृत जारी पुंजी रु. २ अर्ब १० करोडको ५१ प्रतिशत हिस्सा बराबरको रु. १,०७,१०,००,०००/- शेयर लगानी गर्न डादी ग्रुप पावर लि. को कुल चुक्ता पुंजी र. ७०,६९,३२,४०० को १ : १.५ को अनुपातमा हुने १,०६,०३,९८,६०० बराबरको १,०६,०३,९८६ कित्ता शेयर हकप्रद शेयर निष्काशन गर्न अनुमति प्राप्त भएको हुँदा सो निष्काशन प्रश्चात् कम्पनीको जारी पुंजी रु. १,७६,७३,३१,०००/- कायम हुने हुँदा बाँकी जारी पुंजी वापतको रकम आगामी वर्षहरुमा हुने पूंजी बृद्धिबाट समायोजन गरिनेछ ।

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" बमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) विगतमा यस कम्पनीले हासिल गरेको आर्थिक बृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने हाइड्रोपावर परियोजनाहरुमा लगानी गर्न सक्ने गरी पूँजी वृद्धि गर्नुपर्ने अवस्था रहेको ।

ख) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।

ग) सो अनुसार कम्पनीको चुक्ता पुंजी हाललाई रु. १,७६,७३,३१,०००/- पुऱ्याउनको लागि हाल कायम चुक्ता पुंजीको १ : १.५ अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) कम्पनीले शेयरधनीहरुलाई लगानीमा समय सापेक्ष रुपमा उचित प्रतिफल प्रदान गर्दै आएको, उक्त प्रतिफल पुंजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले १ : १.५ को अनुपातलाई उचित मान्न सकिने अवस्था रहेको ।

**३. निष्काशन बाट प्राप्त हुने कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण**

श्री विद्युत नियमन आयोगबाट मिति २०७९/०१/२३ गते विद्युत सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्काशनको पूर्व स्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा ५ बमोजिम हुने हुने गरी डादी ग्रुप पावर लिमिटेडले सिउरी न्यादी पावर लि.को कुल अधिकृत जारी पुँजी रु. २ अर्ब १० करोडको ५१ प्रतिशत हिस्सा बराबरको रु. १,०७,१०,००,०००/- शेयर लगानी गर्न डादी ग्रुप पावर लि. को कुल चुक्ता पुँजी र. ७०,६९,३२,४०० को १ : १.५ को अनुपातमा हुने १,०६,०३,९८,६०० बराबरको १,०६,०३,९८६ कित्ता हकप्रद शेयर निष्काशन गर्न निम्न शर्तहरु सहित अनुमति प्रदान गरिएको ।

शर्तहरु :

क) आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिश्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी जारी गर्दा सो को परिपालना कम्पनीले गर्नुपर्नेछ ।

ख) प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

ग) कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासान सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

घ) हकप्रद शेयर निष्कासनको सम्बन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सो को समेत पालना गर्नुपर्नेछ ।

उक्त निष्काशनबाट प्राप्त हुने सम्पूर्ण रकम श्री सिउरी न्यादी पावर लि.ले निर्माण गरि रहेको सुपर न्यादी जलविद्युत आयोजना ४०.२७ मेवाको आयोजनाको लागि उपयोग गर्न श्री सिउरी न्यादी पावर लि.को अधिकृत पूँजीको ५१ प्रतिशत शेयर खरीद गर्न उपयोग गर्ने र भविष्यमा लगानीकर्तालाई उचित प्रतिफल प्रदान गर्ने । उक्त आयोजना सम्बन्धि संक्षिप्त परिचय तथा प्रगति विवरणः

## आयोजनाको संक्षिप्त परिचय

नेपालको गण्डकी प्रदेशको लमजुङ जिल्लाको मर्स्याङ्दी गाँउपालिकामा निर्माण हुन लागेको सुपर न्यादी जलबिधुत आयोजना नेपालको विद्यमान उर्जा संकट निवारण तथा उज्यालो नेपाल अभियानको एउटा सारथी हो । यस आयोजनाको क्षमता ४०.२७ मेगावाट रहेकोमा यसको क्षमताको बढाएर ४२.२७ मेगावाट बनाउनको लागि अध्ययन भइरहेको छ । हिमचुली र मनास्लु हिमाल आधारक्षेत्र रहेको न्यादी खोलामा स्वदेशी निजीक्षेत्र बाट बन्न लागेको यस आयोजनाको प्रवर्द्धक सिउरी न्यादी पावर लि.रहेको छ । फिदिखोला, हिदिखोला सिउरीखोला लगायतका अन्य खोलाहरु मिसिएका यस न्यादी खोलाको पानीबाट करिब १०० मे.वा. उत्पादन क्षमता बराबरका आयोजनाहरु निर्माणाधीन छन् जसमध्ये सुपर न्यादी जलबिधुत आयोजना सबैभन्दा ठुलो आयोजना हो ।

यस आयोजनासम्म पुग्नको लागि काठमाण्डौंबाट तनहुँ जिल्लाको डुम्रे हुँदै १७८ कि.मि. कालोपत्रे सडक पार गरि लमजुङ जिल्लाको सदरमुकाम बेसिशहर पुग्नुपर्छ। बेसिशहर बाट खुदिबजार, डादि, ठुलोबेशी हुँदै जम्मा २५ कि.मि. को दुरी पार गरि आयोजनासम्म पुग्न सकिन्छ भने काठमाडौ – पोखरा विमानस्थल हुँदै ६५ कि. मि. कालोपत्रे सडकमार्फत डुम्रे पुगि सडकमार्ग भएर पनि आयोजनामा पुग्न सकिन्छ।

९३.८७ वर्ग कि.मी. क्याचमेण्ट क्षेत्रफल रहेको यस आयोजनाको सबल पक्ष भनेको खोलामा हुने पानीको बहाब हो । मनास्लु र हिमचुली हिमालमा पर्ने हिउँ पानीको मुख्य स्रोत रहेको यस आयोजनाले बार्षिक रुपमा २३५.४४ गीगा वाट आवर अर्थात २३ करोड ५४ लाख युनिट बिधुत उत्पादन गर्दछ ।

प्राविधिक पाटोको कुरा गर्दा यस आयोजनाले समुन्द्रसतह बाट २११३ मि.को उचाईमा बाँध ३ मिटर अग्लो र ३० मिटर लामो वाँध बाँधीप्रति सेकेन्ड ६.८ घन मिटर का दरले न्यादी खोलाको पानीलाई खोलाको दाँया तर्फ रहने ईन्टेकमार्फत बाँधभन्दा केही तल अवस्थित ७५ मिटर लम्वाइ ९ मिटर चौडाइ र ६.७ मिटर उचाईको २ वटा वालुवा थिग्राउने पोखरीमा जम्मा गरि पानीलाइ सफा बनाइनेछ ।

पोखरीको उक्त सफा पानीलाई ३.० मि.x ३.२ मि. साइजको☐आकारको ६७०० मिटर लामो सुरुङ्गमार्ग हुँदै काफलडाडा भन्ने ठाउमा निर्माण हुने सर्ज ट्याकं सम्म पुर्याइनेछ। सर्ज टेङ्क बाट निस्किएको पानीलाई १.७ देखि १.१ मिटर व्यासको १०७८.८३ मिटर लामो भुमिगत पेनस्टक पाइपमार्फत न्यादीखोलाको दाँया किनारमा समुन्द्रसतह बाट १४१० मि.को उचाईमा निर्माण गारिने भूमिगत विद्युत गृहमा ६९७ मिटरको उचाईवाट पानीखसाली २ वटा पेल्टन ट्रवाईन वाट विद्युत उत्पादन गरिने छ । उक्त उत्पादित जलविद्युत आयोजनाको विद्युत गृह स्थित निर्माण गरिने स्वीचयार्ड हुँदै ११ कि.मि. लामो १३२ के. भी. को ट्रान्समिसन लाईन मार्फत ने. वि. प्रा. द्वारा निर्माणधिन २२० के.भी प्रसारण लाईनको मर्स्याङ्दी कोरिडोर स्थित तारिकुना सव स्टेशनमा जोडिने छ ।

यो आयोजनाको कुल लागत ७ अर्ब रहेको छ, जसअनुसार आयोजनाको लागत प्रति मेगा वाट १७ करोड ३८ लाख हुन आउदछ । उक्त कुल लागतको ७५ % ले हुनआउने रकम रु ५ अर्ब २५ करोड रकम एनएमवि बैंक लि. को अगुवाईमा अन्य ५ वटा बैंक मिलेर ऋृण प्रवाह गर्ने गरी व्यबस्था गरिएको छ । साथै कुल लागतको २५% ले हुन आउने रकम रु.१ अर्ब ७५ करोड संस्थापक शेयर धनीहरुको तर्फवाट लगानी हुनेछ । ६ महिनाको बर्षायाम र ६ महिनाको हिउदको सिजनमा छुट्टाछुटै दररेट कायम गरि नेपाल बिधुत प्राधिकरणसँग बिधुत खरिद - बिक्रि सम्झौता गरेको यस आयोजनाले उत्पादनको पहिलो बर्ष आम्दानी रु १ अर्ब ३९ करोड ६६ लाख अम्दानी गर्नेछ र त्यस पछि नवौ बर्षसम्म बार्षिक ३ प्रतिशतका दरले आम्दानीमा बृद्धि हुनेछ । यो आयोजनाले स्थानिय समुदायलाइ उच्च महत्व दिएकोले आयोजनाको संस्थापक शेयरमा स्थानियबासीहरुको राम्रो लगानी रहने छ । साथै नेपाल सरकारको प्रचलित नियम र कानुनको अधीनमा रहि सर्वसाधारणको लागी शेयर जारी गरिने छ । न्यादी खोलामा चाहिदो मात्रामा पानीको बहाब, निर्माणकार्य गर्नकोलागि मिल्दो भौगोलिक बनावट, संरचनाको अनुकुलतम आकार र अधिकतम बिधुत शक्ति उत्पादन जस्ता सबल पक्ष भएको यस परियोजना प्राविधिक र आर्थिक दुवै हिसावले आकर्षक रहेको छ । यस आयोजना बाट उत्पादित बिद्युत ले देश बिकाशमा ठुलो योगदान पुर्याउने बिस्वास लिइएको छ ।

## हाल सम्मको प्रगति विवरण

१. सर्भेक्षण अनुमति पत्र प्राप्त सम्बन्धि सम्पूर्ण कार्य सम्पन्न भैसकेको,
२. बिधुत कनेक्सन एग्रिमेन्ट (Connection Agreement) सम्बन्धि सम्पूर्ण कार्य भएको,
३. वाताबरणीय प्रभाव मुल्याङ्कन लगायतका कार्य सम्पन्न भै स्वीकृत भैसकेको,
४. बिधुत खरिद बिक्री सम्झौता सम्बन्धि कार्य सम्पन्न भएको,
५. बिधुत उत्पादन अनुमती पत्र प्राप्त गरिएको ,
६. आयोजना निर्माणका लागि एनएमवि बैंक लि को अगुवाईमा अन्य ५ वटा बैंक मिलेर ऋृण प्रवाह गर्ने गरि ऋण सम्झौता सम्पन्न भैसकेको,
७. प्रसारण लाइनको सर्भेक्षण अनुमति पत्र प्राप्त भैसकेको,
८. नेपाल सरकारका विभिन्न निकाय संग बन क्षेत्र तथा सरकारी जग्गा प्रयोग गर्ने सम्बन्धि सम्झौता सम्पन्न भैसकेको,
९. बिधुत गृहको लागि आवश्यक व्यक्तिगत जग्गा खरिद गरिसकिएको ,
१०. आयोजना पहुँच मार्गमा आवश्यकता अनुसार खरिद भइसकेको,
आयोजना निर्माणको लागि सम्पूर्ण डिजाइन, नक्सा तथा प्रतिवेदनहरु तयार भइ सोहि अनुसार निर्माण कार्य गर्न ठेक्का सम्झौता अनुसार निर्माण कार्य अघि बढी रहेको,
११. आयोजनाको पहुंच मार्गको निर्माण कार्य सुचारु रहेको, हाल सम्म ९५ प्रतिशत सकिसकेको,
१२. आयोजना निर्माणको लागि ठेकेदार संग संझौता भै हाल द्रुत गतिमा निर्माण कार्य भइरहेको,

**भौतिक प्रगति विवरणः**

| शीर्षक | बजेट रकम "000" | वित्तीय प्रगति | | भौतिक प्रगति | |
|---|---|---|---|---|---|
| | | रकम "000" | % | रकम "000" | % |
| पुर्व संचालन खर्च र आयोजना विकास | १७०,००० | १६४,२५६ | ९६.६२% | १६९,८३९ | ९९.९१% |
| सिभिल निर्माण लागत | ३,१८५,०६८ | ९६५,००० | ३०.३०% | १,२५२,६८७ | ३९.३३% |
| मेटल कार्य लागत | ५३८,४१० | - | ०.००% | - | ० |
| प्लान्ट र मेसिनरी लागत | ९००,००० | - | ०.००% | - | ० |
| प्रसारण र पावर निर्माण | २०७,७४८ | २,००० | ०.९६% | २,०६२ | ०.९९% |

| | | | | | |
|---|---|---|---|---|---|
| जग्गा खरिद र विकास | २५,००० | २३,६७२ | ९४.६९% | २४,४७७ | ९७.९१% |
| साइट कार्यालय भवन | ४३,५०५ | ३०,२८१ | ६९.६०% | ३१,३०९ | ७१.९७% |
| कार्यालय उपकरण लागत | १५,००० | २,५०० | १६.६७% | २,५८६ | १७.२४% |
| सवारी साधन लागत | ५०,००० | ७०,००० | १४०.००% | ७२,३८० | १४४.७६% |
| पूर्वाधार विकास लागत | ५७१,०६६ | ४५८,३६१ | ८०.२६% | ४७३,९२१ | ८२.९९% |
| वातावरण / सामाजिक न्यूनीकरण लागत | ६४,५०० | १०,४९८ | १६.२८% | १०,८५८ | १६.८३% |
| इन्जिनियरिङ, पर्यवेक्षण र व्यवस्थापन | ३४१,७०० | १८,००० | ५.२७% | १८,६२० | ५.४५% |
| मूल्य वृद्धि, वीमा र विविध | २००,००० | ७१,००१ | ३५.५०% | ७३,४१४ | ३६.७१% |
| निर्माण समयको व्याज | ६८८,००३ | ३१,९३४ | ४.६४% | ३३,००९ | ४.८०% |
| **जम्मा** | **७,०००,०००** | **१,८४७,५०४** | **२६.३९%** | **२,१६५,१६१** | **३०.९३%** |

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ । |
| २. | श्री सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालयहरु, विराटनगर, विरगञ्ज, पोखरा, बुटवल, नेपालगञ्ज, धनगढी र सुर्खेत । |
| ३. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अधिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री डादी ग्रुप पावर लिमिटेडको वेभसाइट www.siurihydro.com वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेडको वेभसाइट www.siddharthacapital.com वा नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु सिद्धार्थ क्यापिटल लिमिटेड तथा डादी ग्रुप पावर लिमिटेडको वेवसाइटमा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा सिद्धार्थ बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ (खाता नम्बर ००१२०७३१०८०) लाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनी रहेको छ । साथै कम्पनीले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.ब.०७७/७८ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०७/०१ को प्राप्त पत्रानुसार कम्पनीको आ.ब.०७७/७८ सम्मको विवरणहरु अद्यावधिक रहेको छ ।

**क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :**

यस डादी ग्रुप पावर लिमिटेडलाई कियर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP BB+(Is) [Double Plus Issuer Rating] " रेटिङ्ग प्रदान गरेको छ । CARE-NP CARE-NP BB+(Is) [Double Plus Issuer Rating] ले वित्तीय दायित्वको नियमित भुक्तानीको मध्यम जोखिम रहने जनाउँदछ । (Issuers with this rating are considered to offer moderate risk of default regarding timely servicing of financial obligations, in Nepal). केयर रेटिङ्गस नेपाल लिमिटेडले AAA देखि D प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा AAA रेटिङ्ग ले बलिया आधार जनाउँछ भने D रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग AA, A, BBB, BB, B र C मा प्रयोग गरिने + (Plus)/ - (Minus) चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति : माघ ६, २०७८ (जनवरी २० २०२२),

रेटिङ्ग बहाल रहने अवधि : जेठ २६, २०८० (जुन ९ २०२३),

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७५/०७६ | १७९ | १११ | ११६ | २,३८,४५२ |
| ०७६/०७७ | १५८ | ९७ | ११५ | ९,४३,४२९ |
| ०७७/०७८ | ५७३ | ११३ | ५७० | १,२३,४७,६६३ |

आ.ब.२०७७/०७८ को पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| महिना | अधिकतम शेयर मूल्य (रु) | न्युनतम शेयर मूल्य (रु) | अन्तिम बजार मूल्य (रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| माघ २०७८ | ७९५ | ६६७ | ६७५.५ | १७,३९,८५४ |
| फाल्गुण २०७८ | ७०४.५ | ५८८ | ६३२ | १०,१३,०७७ |
| चैत्र २०७८ | ६७९.८ | ५८५ | ५९८.५ | ८,३३,०६९ |

नोटः कम्पनीको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| **क्र.स** | **संचालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | श्री रविन सुबेदी | अध्यक्ष | |
| २. | श्रीमती रञ्जु अधिकारी, | सञ्चालक | |
| ३. | श्रीमती रिली गुरुङ्ग, | सञ्चालक | |
| ४. | श्री सत्य नारायण प्रजापति | सञ्चालक | |
| ५. | श्री सुघांशु तुलस्यान | सञ्चालक | |
| ६. | श्री विकास गिरी | सञ्चालक | |
| ७. | श्रीमती लक्ष्मी शोभा गोसाई | स्वतन्त्र सञ्चालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई डादी ग्रुप पावर लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

**Siddhartha**
Capital Limited
Investing happiness

**Regd. No.: 1326/068/069, PAN: 600380326**
P.O. Box No: 21200
Narayanchaur, Naxal, Kathmandu, Nepal
Phone: +977-1-4420924/4420925
Fax: +977-1-4420929
Email-scl@siddharthacapital.com
Website: www.siddharthacapital.com

**Ref: 2078/079/MB/1446**

मितिः २०७९/०२/०५

श्री नेपाल धितोपत्र वोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध बारे ।**

महोदय,

अनामनगर, काठमाडौं ठेगाना भएको श्री डादी ग्रुप पावर लिमिटेडले साविक शेयरधनीहरुका लागि जारी गर्न लागेको रु.१००/– दरको १,०६,०३,९८६ कित्ता हकप्रद साधारण शेयरहरुको निष्काशन गर्नको लागि निष्काशन तथा विक्री प्रबन्धकको रुपमा सेवा दिन यस सिद्धार्थ क्यापिटल लिमिटेड मञ्जुर गर्दछ । साविक शेयरधनीहरुलाई हकप्रद साधारण शेयर जारी गर्ने क्रममा धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था अनुसार शेयर विक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । प्रस्तावित "हकप्रद शेयर सम्वन्धि व्यवस्था तथा विवरणहरु" व्यवसायिक रुपले तयार गरिएको र निष्काशन तथा बिक्री प्रबन्धक सम्बन्धमा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ समेतको पालना गरिएको उद्घोषण यस क्यापिटल लिमिटेडको रहेको छ । यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराइन्छ ।

१. संगठित संस्थाको हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामिले जानेबुझेसम्म तथ्यगत र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा निर्णय लिन मद्दत हुने देखिन्छ । संगठित संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा संगठित संस्थाले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।
२. धितोपत्र कारोवार नियमावली अनुसार पेश गर्नु पर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी तहाँ पेश गरिएको र प्रत्येकको एक/एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।
३. हाम्रो विचारमा निष्काशनकर्ता कम्पनीद्धारा निष्काशित धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ र सो ऐन अन्तर्गत बनेका नियम तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचिकरण विनियमावली बमोजिम सूचीकरण हुन योग्य छन् ।
४. सविक शेयरधनीहरुलाई "हकप्रद शेयर सम्वन्धि व्यवस्था तथा विवरणहरु" तथा दरखास्त फाराम सरल तरीकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनी संग समन्वय गरी आवश्यक व्यवस्था मिलाइने छ ।
५. त्यस बोर्डबाट जारी गरिएको धितोपत्र निष्काशन तथा विक्री प्रबन्ध सम्बन्धि निर्देशिकामा उल्लेखित सवै कुराहरु अध्ययन गरि सो निर्देशिकाको व्यवस्थाहरु संग अनुरुप हुने गरी सम्बन्धित कम्पनी/संगठित संस्थाले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएको छ ।

धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक तर्फबाट
**सिद्धार्थ क्यापिटल लिमिटेड**
**नाम** : चन्दन कार्की
**पद** : प्रमुख कार्यकारी अधिकृत

**दस्तखत** :

**कार्यालयको छाप** : Siddhartha Capital Limited Investing happiness

धितोपत्र बोर्ड ललितपुर